नेपाल सरकार

# संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरवार,काठमाडौं

## प्रेस विज्ञप्ति

मिति : २०७२ माघ ४ गते

मानव विकासको सूचकाङ्कमा तुलनात्मक रुपमा पछाडि परेका नेपालका पूर्वी र मध्य तराई क्षेत्रका ८ वटा जिल्ला (पर्सा, वारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरी) का भारतसँग सीमाना जोडिएका १०९ गाउँ विकास समितिहरु र ७ वटा नगरपालिकाहरुमा नेपाल सरकारको लगानीमा आर्थिक वर्ष २०७२।७३ देखि २०७६।७७ सम्मकालागि **सीमा क्षेत्र विकास कार्यक्रम** लागू गरिएको छ । ५ वर्ष अवधि रहेको यस कार्यक्रमको अवधारणा नेपाल सरकारबाट स्वीकृत भई कूल लागत रु ४ अर्व ९१ करोड ८६ लाख लाग्ने अनुमान भएकोमा चालु आ.व.का लागि रु १६ करोड ४१ लाख १९ हजार विनियोजन भएको छ । कार्यक्रम लागू भएको क्षेत्रमा भौतिक पूर्वाधार र सामाजिक पूर्वाधार विकासमा लगानी गरिनेछ । कार्यक्रमले स्थानीय सडक संरचना (माटोको कामवाहेक), साना सिंचाई, कृषि सम्वन्धी, खानेपानी तथा सरसफाई, सामुदायिक पूर्वाधार, वातावरण संरक्षण, उर्जा, सामुदायिक भवन, सामुदायिक विद्यालय, उप स्वास्थ्य चौकी, शौचालय, क्षमता विकास, आय आर्जन तथा सीप विकास, नगदेवाली, सीप मूलक तथा व्यावसायिक तालिम, सचेतना अभिबृद्धि तथा शसक्तिकरण, शिक्षा, स्वास्थ्य, रोजगारका क्षेत्रमा कार्य गर्ने र यसमा स्थानीय श्रोतको साझेदारी वा लागत सहभागिता समेत गर्न सकिने ब्यवस्था मिलाइएको छ ।

कार्यक्रम सञ्चालनमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले समन्वयकारी भूमिका निर्वाह गर्ने, कार्यमा प्रभावकारीता बृद्धि गर्न केन्द्रीय अनुगमन तथा मूल्यांकन समिति, कार्यक्रम निर्देशन समिति र जिल्ला कार्यक्रम कार्यान्वयन समन्वय समितिको व्यवस्था छ । जिल्लामा जिल्ला विकास समितिको नेतृत्वमा कार्यक्रम कार्यान्वयन हुने र कार्यक्रमको सञ्चालनमा नगरपालिका र गाविसको अग्रसरतामा स्थानीय जनताको अपनत्व र सहभागिता रहने गरी उपभोक्ता समितिलाई प्राथमिकता दिई कार्य सञ्चालन गरिनेछ । माननीय उप प्रधान तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्री कमल थापाज्यूले माघ ७ गते महोत्तरीमा कार्यक्रमको उद्घाटन गरी कार्यक्रमका शुभारम्भ गर्नु हुनेछ ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले चालु आ.व.मा स्थानीय निकायहरुबाट सञ्चालित कार्यक्रमहरुको क्षेत्रीय स्तरमा **अर्ध वार्षिक समीक्षा** लगायत लैगिंक उत्तरदायी बजेट तर्जुमा, नतिजामूलक योजना पद्धति, भूकम्पोत्तर पुनःनिर्माण तथा पुनर्स्थापना सम्वन्धी कार्य, बेरुजु फर्छ्यौट र स्थानीय शासन उत्तरदायी संयन्त्र सम्वन्धी तालिम सञ्चालन यही २०७२ साल माग ४ गेत देखि माग २१ गतेसम्म सञ्चालन गर्ने भएको छ । पश्चिमाञ्चलका लागि पोखरामा (२०७२।१०।४ देखि २०७२।१०।८), पूर्वाञ्चलका लागि विराटनगरमा (२०७२।१०।८ देखि २०७२।१०।१२), मध्यमाञ्चलका लागि धुलिखेलमा (२०७२।१०।१२ देखि २०७२।१०।१६), सुदुर पश्चिमाञ्चलका लागि धनगढीमा (२०७२।१०।१७ देखि २०७२।१०।१८) र मध्यपश्चिमाञ्चलका लागि नेपालगञ्जमा (२०७२।१०।२० देखि २०७२।१०।२१) सम्म कार्यक्रम सञ्चालन गरिने छ । अर्धवार्षिक समीक्षा कार्यक्रममा ७५ जिल्ला विकास समिति/जिल्ला प्राविधिक कार्यालय र २१७ वटा नगरपालिकाहरु सहभागी हुनेछन् । कार्यक्रममा प्रमुख अतिथिको रुपमा माननीय उपप्रधान, संघीय मामिला तथा स्थानीय विकास मन्त्रीज्यू, राज्य मन्त्रीज्यू, सहायक मन्त्रीज्यू, मन्त्रालयका सचिवज्यू, सहसचिव तथा अन्य पदाधिकारीहरुको उपस्थिति रहनेछ ।

(धनबहादुर श्रेष्ठ)
सहसचिव